# सुन्दरहरैंचा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

विराचौक, मोरङ

## सुपरीवेक्षक तथा गणक करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/१२/१३

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं.: ग.प./२०७८-०७९, च.नं. ८५, मिति २०७८/०७/०८ गतेको पत्रानुसार चालु आ.व. २०७८/०७९ मा यस नगरपालिकामा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गर्न स्वीकृत भए बमोजिम नगर कार्यपालिकाको कार्यालयको मिति २०७८/१२/१० गतेको निर्णय अनुसार सुपरीवेक्षक र गणक करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्रमा नगरपालिकाको राजश्व शाखामा वा विराटचौक स्थित कृषिविकास बैंकमा रहेको ग.१.१ आन्तरिक आय खाता नं. ०६०१५०११४७६३०१४६ मा तोकिएको दस्तुर बुझाई जम्मा गरेको सक्कल भौचर/रसिदसहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

| क्र. स. | विज्ञापन नं | पद | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | दस्तुर | परीक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १ | ०८/२०७८-०७९ | सुपरीवेक्षक | २ | सुपरीवेक्षकको हक मा मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र/जनसंख्या/गणितविषय सहित कुनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी कम्प्यूटरमा आधारभूत ज्ञान भएको | रू.१०००। | छोटो सूची र अन्तर्वाता |
| २ | ०९/ २०७८-०७९ | गणक | १४ | गणकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र/जनसंख्या/गणितविषय सहित कुनै बिषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कम्प्यूटरमा आधारभूत ज्ञान भएको | रू.१०००। | छोटो सूची र अन्तर्वाता |

आवश्यक कागजात/योग्यता :

- दरखास्त पेश गरेको मितिसम्म १८ बर्ष पूरा भई ४० ननाघेको ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
- स्थानीयता खुल्ने कागजातको प्रमाणित प्रतिलिपि ।
- २ प्रति पासपोर्ट साइजको फोटो ।
- कम्प्यूटर सम्बन्धी ३ महिने तालिमको प्रमाणपत्रको प्रतिलिपि ।
- सेवा सुविधा र अन्य व्यवस्था, गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ बमोजिम हुनेछ ।

अन्य जानकारीका लागि यस कार्यालयको वेवसाइड www.sundarharaichamun.gov.np मा हेर्न सकिनेछ ।